Ref: Press release N-15/013-015

**शिघ्र स्वाथ्यलाभको कामना ।**

सम्माननीय प्रधानमन्त्री श्री सुशील कोईरालाको अमेरिकाको न्युयोर्कस्थित मेमोरियल स्लोन केटरिङ्ग क्यान्सर अस्पतालमा फोक्सोको क्यान्सरको विकिरण पद्धतिबाट उपचार भैरहेको हुँदा गैरआवासीय नेपाली संघ उहाँको शिघ्र स्वाथ्य लाभको कामना गर्दछ । श्री कोईराला नेपालको राजनीति क्षेत्रमा एक समर्पित, त्यागी एवं राष्ट्रप्रेमी नेताको रुपमा सुपरिचित हुनुहुन्छ । अहिले उहाँको काँधमा नेपालको नयाँ संविधान जारी गर्ने तथा मुलुककलाई समृद्धीतर्फ उन्मुख गर्ने ठूलो जिम्मेवारी रहेको र यस कार्यमा उहाँले सबै राजनीतिक दलहरुसंग संवाद, समन्वय र सहकार्य गरेर अगाडी बढनेमा हामी विश्वस्त रहेका छौं ।

संसार भरी छरिएर रहेका गैरआवासीय नेपालीहरुको शुभेच्छुक र अभिवाकको रुपमा हामीले उहाँलाई पाएका छौं । गैरआवासीय नेपालीहरुका सरोकारका विविध विषयहरुमा उहाँ सधै संवेदनशिल रही यसका लागि व्यक्तिगत रुपमा क्रियाशिल रहनुका साथै नेपाल सरकारलाई सहयोगी भूमिका निभाउन अभिप्रेरित गर्दै आउनु भएको हाम्रो धारणा रहेको छ ।

संसार भरिका गैरआवासीय नेपालीहरुको तर्फबाट गैरआवासीय नेपाली संघ सम्मानीय प्रधानमन्त्रीज्यूको शिघ्र स्वाथ्यलाभको कामना गर्दछ ।

शेष घले,
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वय परिषद
गैरआवासीय नेपाली संघ ।

मिति: २० असाढ, २०७१ ।

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np